


वर्ष ४२ | अंक ९ | नेपाल राष्ट्र बैंक समाचार | जेठ २०७५ | मे-जुन २०१८

# नेपाल राष्ट्र बैंकको ६३ औं वार्षिकोत्सव सम्पन्न

## वित्तीय साधनको विवेकपूर्ण उपयोगलाई प्रोत्साहित गर्दै आर्थिक समृद्धि र स्थायित्वमा योगदान पुऱ्याउन नेपाल राष्ट्र बैंक प्रतिबद्ध




नेपाल राष्ट्र बैंकको ६३ औं वार्षिकोत्सव वैशाख १४ गते बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा एक विशेष समारोहका बीच सम्पन्न भयो । समारोहको उद्‌घाटन गभर्नर डा. चिरंजीबि नेपालले गर्नुभयो ।

समारोहमा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले वित्तीय साधनको विवेकपूर्ण उपयोगलाई प्रोत्साहित गर्दै आर्थिक समृद्धि र स्थायित्वमा योगदान पुऱ्याउन नेपाल राष्ट्र बैंक प्रतिबद्ध रहेको बताउनु भयो ।

२०७४ साल देशमा आर्थिक मार्ग प्रशस्त गर्ने वर्षको रूपमा रहेको र सोही वर्ष बैंक तथा वित्तीय संस्थाहरूको पुँजी वृद्धि योजनाले सार्थकता पाएको चर्चा गर्दै उहाँले सोही वर्ष उत्पादनशील क्षेत्रलाई प्राथमिकता प्राप्त क्षेत्रको रूपमा पुनःपरिभाषित गरिएको बताउनु भयो ।

मुलुकका ७५३ स्थानीय तह मध्ये ३९४ स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार भइसकेको बताउँदै गभर्नर डा. नेपालले आ.व. २०७४/७५ भित्र सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार हुने जानकारी दिनुभयो । साथै, उहाँले देशभर बैक तथा वित्तीय संस्थाका ५ हजार ८ सय ४८ वटा शाखा विस्तार भइसकेको र पूर्वाधार विकास बैंक छिट्टै सञ्चालनमा आउने जानकारी दिनुभयो ।

आगामी आर्थिक वर्षदेखि बैंकहरूमा नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS) लागु हुने भएकोले बैंकहरूलाई तयारी अवस्था रहन निर्देशन दिँदै गभर्नर डा. नेपालले भुक्तानी प्रणाली व्यवस्थित गर्नका लागि ५ वटा संस्थालाई सो सम्बन्धी इजाजतपत्र प्रदान गरिसकिएको र १६ वटा संस्थालाई इजाजतपत्र दिने कार्य प्रक्रियामा रहेको बताउनु भयो ।

समारोहमा गभर्नर डा. नेपालले पूर्व गभर्नर गणेशबहादुर थापालाई बैंकको तर्फबाट विशेष सम्मान गर्नुभयो भने नेपाली नोटको उत्कृष्ट डिजाइनिङ गरेवापत पूर्व कर्मचारी तथा डिजाइनर सुन्दर श्रेष्ठलाई सम्मान गर्नुभयो । साथै, उहाँले बैंकमा २० वर्ष सेवा गरिसकेका ६५ जना अधिकृत तथा कर्मचारीहरूलाई बीस वर्षीय सेवा उपहार तथा








कदरपत्र प्रदान गर्नुभयो । साथै, उहाँले बैंकको वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित आर्थिक लेख प्रतियोगिताका विजयी कर्मचारीहरूलाई नगद पुरस्कार तथा प्रमाणपत्र समेत वितरण गर्नुभयो ।

सम्मानित व्यक्तित्व पूर्व गभर्नर थापाले बैंक तथा वित्तीय संस्थाहरूलाई परम्परागत तरिकाले बचाउन सकिने अवस्था नरहेको बताउँदै नेपाली वित्तीय क्षेत्रलाई साइबर



अपराधबाट जोखिम रहेकोले यसबाट बच्ने उपाय अपनाउनु पर्ने आवश्यकता औँल्याउनुभयो । बैंकिङ क्षेत्रमा गलत कार्य गरेको पाइएमा यस्तो गलत काम गर्ने बैंकका अध्यक्ष र कार्यकारी अधिकृतलाई नेपाल राष्ट्र बैंकले बोलाएर सच्चिन नैतिक दबाब दिनु पर्ने सुझाव उहाँले दिनुभयो ।

समारोहमा संस्थापक गभर्नर हिमालय शमशेर जबराका साथै पूर्व गभर्नरहरू डा. भेषबहादुर थापा, सत्येन्द्रप्यारा श्रेष्ठ, डा. तिलक रावल, दीपेन्द्रपुरुष ढकाल, विजयनाथ भट्टराई र दीपेन्दबहादुर क्षेत्री अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो ।

समारोहमा वरिष्ट डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले स्वागत मन्तव्य व्यक्त गर्दै बैंक तथा वित्तीय संस्थाहरूको नियमन तथा सुपरिवेक्षण कार्यमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपका पद्धति पालना गर्ने/गराउने, अध्ययन अनुसन्धानका कार्य अझ प्रभावकारी रूपले सम्पन्न गर्ने, सफा नोट नीतिलाई प्रवर्द्धन गर्ने, नगदरहित समाजको विकासका लागि ई-बैंकिङ र ई-पेमेन्टमा जोड दिने गरी बैंकका नीति परिलक्षित हुने जानकारी दिनुभयो । कर्मचारीहरूको वृत्ति विकास र उत्प्रेरणा जगाउने विषयमा बैंक व्यवस्थापन सदैव सचेत रहेको चर्चा गर्दै उहाँले अझ अनुशासित, अझ प्रभावकारी एवम् प्रविधिमैत्री तथा सेवाग्राहीमैत्री केन्द्रीय बैंक बनाउँदै सरकारले अख्तियार गर्ने आर्थिक विकासका नीति तथा



कार्यक्रममा सहयोग पुग्ने गरी कार्य सम्पादन गर्नु पर्ने आवश्यकता औँल्याउनु भयो ।

अर्का डेपुटी गभर्नर शिवराज श्रेष्ठले धन्यवाद मन्तव्य व्यक्त गर्दै देश राजनैतिक संक्रमणको समाप्तिपछि आर्थिक उन्नतितर्फ लागेको बताउनु भयो । बैंकिङ क्षेत्रमा निक्षेपको भन्दा कर्जा लगानीको वृद्धिदर बढेको चर्चा गर्दै उहाँले बैंक तथा वित्तीय संस्थाहरूबाट समष्टिगत नियमन व्यवस्था भने पालना भएको बताउनु भयो ।



समारोहमा सेवा उपहार प्राप्त गर्नेहरूको तर्फबाट कार्यकारी निर्देशक निलम ढुंगाना तिम्सिनाले मन्तव्य व्यक्त गर्दै बैंकले कर्मचारीहरूलाई सम्मानजनक जीवनयापन गर्न पुग्ने सेवा सुविधा प्रदान गरेको बताउनु भयो ।

शुभकामना मन्तव्य व्यक्त गर्दै नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगानाले नेपाली बैंकिङ क्षेत्र परिष्कृत, सक्षम र सुदृढ हुँदै गएको बताउनु भयो । तरलताको चाप सम्बोधन गर्न पुनरकर्जाको सीमा बढाउनु पर्ने विचार राख्दै उहाँले दुर्गम ग्रामीण क्षेत्रमा बैंक शाखा विस्तार गर्न नोट कोषको संख्या बढाउनु पर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष ढुण्डीराज मिश्रले बैंक व्यवस्थापनले कर्मचारी प्रशासन सम्बन्धी नीति समयमै तयार गरी कार्यान्वयन गरेको भए कार्य गर्न सजिलो हुने चर्चा गर्दै बैंकको कर्मचारी संख्या न्यूनतम रहेको हालको अवस्थामा कर्मचारीहरूको मनोबल बढाउने कार्यक्रम ल्याउनु पर्ने धारणा राख्नुभयो ।

नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र बैंकका अध्यक्ष रेशमराज रेग्मीले सकारात्मक भावना राख्दा प्राप्त हुने ऊर्जाले सबैलाई भलो गर्ने चर्चा गर्दै बैंक व्यवस्थापन कर्मचारीहरू बीच विभेद ल्याउन नभई एकता कायम गर्न अग्रसर हुनुपर्ने धारणा राख्नुभयो ।

नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल राष्ट्र बैंकका संयोजक रेशमबहादुर बल्छौंडीले बैंकमा उपयुक्त जनशक्ति योजना नहुँदा कर्मचारी अभावको अवस्था सिर्जना भएको चर्चा गर्दै बैंक व्यवस्थापनले सबै कर्मचारीहरूलाई समान अवसर दिने गरी कार्य गर्नुपर्ने धारणा राख्नुभयो ।

नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघका अध्यक्ष श्यामबहादुर श्रेष्ठले बैंकलाई आवश्यक परे पूर्व कर्मचारीहरू सहयोग गर्न तयार रहेको बताउँदै अनुभवी अग्रजहरूको ज्ञान र सीप आवश्यकता अनुसार प्रयोग गर्न आग्रह गर्नुभयो ।

बैंकका सञ्चालक, पूर्व डेपुटी गभर्नरहरू, अधिकृत तथा कर्मचारीहरू, पूर्व अधिकृतहरू, बैंक तथा वित्तीय संस्थाका प्रमुखहरू र सञ्चारकर्मीहरूको उपस्थिति रहेको उक्त समारोहको सञ्चालन गभर्नरको कार्यालयका कायममुकायम निर्देशक गोविन्द नागिलाले गर्नु भएको थियो ।



# कार्य विनायकमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंकको ६३ औं वार्षिकोत्सवको अवसर पारेर बैंकले वैशाख १५ गते ललितपुरको कार्य विनायकस्थित श्री आदर्श शौल युवक माध्यमिक विद्यालय परिसरमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रमको उद्घाटन गभर्नर डा. चिरंजीबि नेपालले गर्नुभयो।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले मुलुकको समृद्धिका लागि सबै जनता वित्तीय रूपमा साक्षर हुन आवश्यक रहेकोले वित्तीय साक्षरता कार्यक्रम अति आवश्यक रहेको बताउनु भयो। वित्तीय साक्षरता कार्यक्रम पैसाको सदुपयोग गर्न सिकाउने कार्यक्रम भएको चर्चा गर्दै उहाँले भन्नुभयो "हामी पैसाको अधीनमा रहने होइन, पैसालाई आफ्नो अधीनमा राख्ने गर्नुपर्छ।"

कार्यक्रममा भूकम्पबाट प्रभावितहरूलाई प्रवाह गरिने सहुलियतपूर्ण कर्जा लिन भूकम्प प्रभावितहरू उल्लेख्य रूपमा सम्पर्क गर्न नआएको बैंक तथा वित्तीय संस्थाहरूले बताउने गरेको चर्चा गर्दै उहाँले सो कर्जा सम्बन्धमा वित्तीय रूपले साक्षर नभएकै कारण यस्तो स्थिति आएको देखिएकोले वित्तीय साक्षरता सम्बन्धमा घरघरमा चर्चा गर्न आवश्यक रहेको बताउनु भयो।

कार्यक्रममा वित्तीय साक्षरताका सम्बन्धमा चर्चा गर्दै डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले सरकार र अन्य संघसंस्थाको जस्तै प्रत्येक घरघरको पनि बजेट बनाएर आम्दानी खर्चको जोहो गर्नुपर्ने बताउनु भयो। विवाह, ब्रतबन्ध, घर निर्माण तथा मर्मत, पढाई खर्च आदिको जोहो बीमामार्फत गर्न सकिने जानकारी दिँदै उहाँले सरकारले नागरिकलाई दिने सुविधा अब बैंक खातामार्फत मात्र दिने भएकोले सबैले बैंक खाता खोल्न र सबै आर्थिक कारोबार बैंक खातामार्फत मात्र गर्ने बानी बसाल्न आग्रह गर्नुभयो।

डेपुटी गभर्नर शिवराज श्रेष्ठको उपस्थिति रहेको उक्त कार्यक्रममा वित्तीय साक्षरता सम्बन्धी वार्ता प्रस्तुत गर्दै बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले स्वरोजगार र उद्यमशीलता विकास गर्न साक्षर मात्र होइन वित्तीय रूपले साक्षर हुन जरुरी रहेको बताउनु भयो।

उहाँले भन्नुभयो "बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिए पछि व्याज सहित फिर्ता गर्नु अनिवार्य हुन्छ। त्यसैले लिएको कर्जा जुन कामको लागि लिएको हो सोही कार्यमा लगाएर सदुपयोग गरौं, दुरूपयोग नगरौं।"



बचत पैसा नगदको रूपमा घरमै राखे आगलागी तथा चोरी डकैतीको डर हुने भएकोले बैंक तथा वित्तीय संस्थामा खाता खोली जम्मा गर्दा सुरक्षित, भरपर्दो र फाइदाजनक हुने बताउँदै उहाँले यस्तो रकम आवश्यक परेको बेला झिक्न पाइनुका साथै तोकिएको दरमा व्याज प्राप्त हुने बताउनु भयो।

"बचत गर्ने बानी बसालौं, फजुल खर्च गर्दै नगरौं" भन्दै उहाँले "विदेशको रोजगारीबाट प्राप्त हुने रेमिट्यान्स रकम बैंक तथा वित्तीय संस्थाहरूबाट मात्र प्राप्त गरौं। यसो गर्दा ठगिँदैन, भरपर्दो र सुरक्षित हुन्छ" भन्नुभयो।

श्री आदर्श शौल युवक माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुकृष्ण महर्जनको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विद्यालयका उप-प्राचार्य डिल्लीमान श्रेष्ठ, नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगाना, डेभलपमेन्ट बैंकर्स एसोसिएसनका अध्यक्ष भरतराज ढकाल, नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोजकाजी तुलाधर र स्थानीय वडाध्यक्ष रविन्द्र महर्जनले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो।

बैंक सुपरिवेक्षण विभागका निर्देशक ऋषिकेश भट्टले धन्यवाद मन्तव्य र गभर्नरको कार्यालयका कायममुकायम निर्देशक गोविन्दप्रसाद नागिलाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रमको सञ्चालन गभर्नरको कार्यालयका उपनिर्देशक प्रदिप भट्टराईले गर्नुभएको थियो।

# वित्तीय चेतनामूलक साइकल ऱ्याली सम्पन्न

बैंकको ६३ औं वार्षिकोत्सवको उपलक्ष्यमा बैंकले वैशाख १५ गते वित्तीय चेतनामूलक साइकल ऱ्यालीको आयोजना गऱ्यो।

बैंकको केन्द्रीय कार्यालय बालुवाटार, काठमाडौंबाट सुरु भएको उक्त ऱ्याली ललितपुरको कार्यविनायकमा पुगी समापन भएको थियो। ऱ्याली बालुवाटार, नक्साल, दरबारमार्ग, शहिद गेट, त्रिपुरेश्वर, थापाथली, पुल्चोक, जाउलाखेल, एकान्तकुना, नख्खु, भैंसेपाटी, खोकना हुँदै कार्यविनायक स्थित श्री आदर्श शौल युवक माध्यमिक विद्यालय पुगेको थियो। ऱ्यालीमा गभर्नर डा. चिरंजीबि नेपाल, डेपुटी गभर्नरहरू चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठका साथै अन्य अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको थियो। अन्य बैंक तथा वित्तीय संस्थाका प्रमुखहरूका साथै कर्मचारीहरू पनि उक्त ऱ्यालीमा सहभागी थिए।



ऱ्यालीका सहभागीहरूलाई विभिन्न बैंकहरूबाट ठाउँ ठाउँमा पानी तथा जुसको व्यवस्था गरिएको थियो। वार्षिकोत्सवको अवसरमा बैंकले गत वर्ष पनि यस्तै साइकल ऱ्यालीको आयोजना गरेको थियो।

# "नेपाल राष्ट्र बैंकको साठी वर्ष" विमोचन

गभर्नर चिरंजीबि नेपालले बैंकको ६० औं वर्षगाँठको अवसर पारेर गभर्नरको कार्यालयले प्रकाशन गरेको Sixty Years of Nepal Rastra Bank (नेपाल राष्ट्र बैंकको साठी वर्ष) र यसको पूरक प्रकाशन Reflection of Former Governors नामक पुस्तकको वैशाख २४ गते एक समारोहका बीच विमोचन गर्नुभयो ।



बैंकको कामकारवाहीसँग सम्बन्धित विषय वस्तुलाई पाँच खण्ड र १५ वटा शीर्षकमा विभाजन गरी प्रकाशित गरिएको Sixty Years of Nepal Rastra Bank नामक पुस्तक ३३५ पृष्ठको रहेको छ । यसै गरी Reflection of Former Governors नामक पुस्तकमा संस्थापक गभर्नर हिमालय शमशेर जबरा, पूर्व गभर्नरहरू डा. भेषबहादुर थापा, गणेशबहादुर थापा, सत्येन्द्रप्यारा श्रेष्ठ, डा. तिलक रावल, दीपेन्द्रपुरुष ढकाल, विजयनाथ भट्टराई, दीपेन्द्रबहादुर क्षेत्री र डा. युवराज खतिवडाका संस्मरणात्मक लेखहरू समावेश गरिएका छन् ।

# गभर्नर डा. नेपाल र राजदूत तथा राज्यमन्त्रीबीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपाल र नेपालका लागि अमेरिकी राजदूत अलाइना टेप्लिज (Alaina Teplitz) बीच वैशाख ११ गते भेटवार्ता सम्पन्न भयो ।

भेटवार्तामा गभर्नर डा. नेपालले नेपालको वित्तीय क्षेत्रको सुधारका सम्बन्धमा नेपाल राष्ट्र बैंकले गरेका प्रयासहरू तथा भावी योजनाका बारेमा जानकारी गराउनु भयो । वैदेशिक लगानीलाई प्रोत्साहन गर्न नेपाल राष्ट्र बैंकले लागू गरेका नीतिगत व्यवस्थाहरूका बारेमा जानकारी दिँदै उहाँले अमेरिकी नागरिक तथा संस्थाहरूलाई नेपालमा लगानी गर्ने सम्बन्धमा समन्वयकारी भूमिका निर्वाह गर्न राजदूत टेप्लिजसँग आग्रह गर्नुभयो । कानूनी रूपमा आर्जित लगानीलाई प्रोत्साहन गर्न नेपाल राष्ट्र बैंक सदैव तयार रहेको तथा सो सम्बन्धमा केही कठिनाइहरू भएमा आपसी छलफलका आधारमा सुल्झाउन सकिने समेत उहाँले बताउनु भयो ।

भेटवार्तामा राजदूत टेप्लिजले नेपालमा लगानी गरिरहेका अमेरिकी लगानीकर्ताहरूले भोगिरहेका समस्याका बारेमा जानकारी गराउनु भयो । सो अवसरमा उहाँले नेपालको वित्तीय क्षेत्रको आधुनिकीकरण तथा वित्तीय स्थायित्वमा नेपाल राष्ट्र बैंकले खेलेको भूमिकाको सराहना गर्दै ई-कमर्सलाई प्रवर्द्धन गर्न आग्रह गर्नुभयो । साथै, उहाँले सहकारी संस्थाहरूको नियमन तथा सुपरिवेक्षण र छाँया बैंकिङलाई नियन्त्रण गर्ने सम्बन्धमा जिज्ञासा समेत राख्नुभएको थियो । भेटवार्तामा अमेरिकी दूतावासका Economic and Commercial Officer केल्भिन प्राइस (Kevin Price) उपस्थित हुनुहुन्थ्यो ।

यसैगरी, गभर्नर डा. नेपालसँग बेलायतका वैदेशिक तथा कमनवेल्थ, एसिया प्रशान्त क्षेत्रीय राज्यमन्त्री मार्क फिल्ड (Mark Field) ले वैशाख २३ गते भेटवार्ता गर्नुभयो ।

भेटवार्तामा गभर्नर डा. नेपालले बेलायत सरकारले नेपाललाई विभिन्न क्षेत्रमा गरेको सहयोगको लागि धन्यवाद व्यक्त गर्दै DFID को सहयोगमा नेपाल राष्ट्र बैंकको डिजास्टर रिकभरी साइट (DR Site) तयार भएको बताउनु भयो । सो अवसरमा उहाँले नेपालमा हाल राजनैतिक स्थिरता रहेको तथा आर्थिक समृद्धितर्फ मुलुक अगाडि बढ्ने क्रममा रहेकोले वैदेशिक लगानी महत्वपूर्ण रहेको र यसका लागि आवश्यक नीतिगत सुधार समेत गरिएको बताउनु भयो । साथै, उहाँले वैदेशिक लगानीलाई थप आकर्षित गर्न आवश्यक सुधारहरू गर्दै जाने बताउनु भयो ।

भेटवार्तामा राज्यमन्त्री फिल्डले द्विपक्षीय व्यापार अभिवृद्धि तथा नेपालमा बेलायती लगानी प्रवर्द्धन गर्ने सम्बन्धमा बेलायत सरकार नेपाललाई आवश्यक सहयोग गर्न तयार रहेको बताउनु भयो । यसका लागि दोहोरो कर व्यवस्था लगायत वैदेशिक लगानी भित्र्याउने सम्बन्धमा रहेका विभिन्न अवरोधहरूलाई सुधार गरी लगानीयोग्य वातावरण तयार गर्न आग्रह गर्नुभयो । भेटवार्तामा नेपालका लागि बेलायतका राजदूत रिचार्ड मोरिस (Richard Morris) लगायतको उपस्थिति रहेको थियो ।



# मुलुकको आर्थिक विकासमा कर्मचारी युनियनको महत्त्वपूर्ण भूमिका रहने



गभर्नर डा. चिरंजीबि नेपालले मुलुकको आर्थिक विकासमा कर्मचारी युनियनको महत्वपूर्ण भूमिका रहने गरेको बताउनु भएको छ ।

नयाँ वर्ष २०७५, नेपाल राष्ट्र बैंकको ६३ औं वार्षिकोत्सव, संघको २९ औं स्थापना दिवस तथा १२९ औं विश्व मजदुर दिवसको अवसर पारेर नेपाल राष्ट्र बैंक कर्मचारी संघले वैशाख १६ गते आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै उहाँले जर्मनी, दक्षिण कोरिया, मलेसिया लगायतका मुलुकको आर्थिक विकासमा कर्मचारी युनियनहरूले खेलेको महत्वपूर्ण भूमिकाको चर्चा गर्नुभयो । वित्तीय प्रविधि (FinTech) बैंकिङ क्षेत्रमा महत्वपूर्ण पाटोको रूपमा आइरहेको र यसका चुनौती पनि उत्तिकै रहेको धारणा व्यक्त गर्दै उहाँले बैंकभित्रका कर्मचारी युनियनहरूबाट सदाझैं सकारात्मक सहयोग प्राप्त भइरहने अपेक्षा व्यक्त गर्नुभयो ।

कार्यक्रममा गभर्नर डा. नेपालले संघको प्रकाशन अरुणोदय नामक पुस्तक सार्वजनिकीकरण पनि गर्नुभयो ।

कार्यक्रममा संघका अध्यक्ष ढुण्डीराज मिश्रले कर्मचारी संघ र बैंक व्यवस्थापन बीच विगतमा भएका सहमति कार्यान्वयन गर्न बैंक व्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो । संस्थाको समृद्धिका लागि कर्मचारी संघले निरन्तर सकारात्मक र रचनात्मक सहयोग गरिरहेको चर्चा गर्दै उहाँले व्यवस्थापनले कर्मचारी युनियनसँग सहमति गर्ने तर कार्यान्वयन नगर्ने परिपाटीको अन्त्य हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा संघका महासचिव गोविन्दप्रसाद भण्डारीले संघको धारणा प्रस्तुत गर्दै संस्थाको कामकारवाही चुस्त रूपमा सम्पादन गर्न घट्दै गएको कर्मचारीहरूलाई उत्प्रेरित गर्दै उच्च मनोबलका साथ कार्य गर्ने वातावरण तयार गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै पेशागत महासंघ नेपालका अध्यक्ष विश्वनाथ प्याकुरेलले कर्मचारी र व्यवस्थापन बीच भएका सहमति कानून सरह हुने भएकोले त्यस्ता सहमति सम्बन्धित संस्थाले समयमैकार्यान्वयन गर्नुपर्ने धारणा राख्नुभयो ।

डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठ, बैंकका अधिकृत तथा कर्मचारीहरू, विभिन्न प्रतिष्ठान स्तरका ट्रेड युनियनकर्मीहरू, संघका पूर्व अध्यक्षहरू तथा वर्तमान पदाधिकारीहरूको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन संघका सचिव कृष्ण के. सी.ले गर्नुभएको थियो ।

# ६५ जनालाई २० वर्षीय सेवा उपहार प्रदान



बैंकको ६३ औं वार्षिकोत्सवको अवसरमा ६५ जना अधिकृत तथा कर्मचारीहरूले २० वर्षीय सेवा उपहार प्राप्त गर्नुभएको छ । सेवा उपहार प्राप्त गर्नेहरूमा कार्यकारी निर्देशकद्वय निलम ढुंगाना तिम्सिना र देवकुमार ढकाल, निर्देशकहरू प्रदिपराज पौड्याल, नरेश शाक्य, सुमनकुमार अधिकारी, डा. प्रकाशकुमार श्रेष्ठ, रेवतीप्रसाद नेपाल, रामबहादुर मानन्धर, रामहरि न्यौपाने, अशोककुमार पौडेल, रविन्द्र महर्जन, विमलराज खनाल, विनोदराज आचार्य, रामप्रसाद गौतम, प्रल्हाद थापा, चेतप्रसाद उप्रेती, रोशनकुमार सिग्देल र डा. रामशरण खरेल, कायममुकायम निर्देशकहरू विनिता विष्ट, आनन्द पौड्याल र सुषमा रेग्मी रिजाल, उपनिर्देशक (आस्सेयर) लोकेन्द्रप्रसाद अर्याल, सहायक निर्देशकहरू मनोहर शिवाकोटी, रामकाजी खाइजू, श्यामप्रसाद ढकाल, बाबुराम कोइराला, जयनारायण प्रधान, माधवराज ढकाल, रेशमबहादुर बल्छौडी, राजु श्रेष्ठ, सविन थापा र बालकुमार थापा, सहायक निर्देशक (मेकानिकल) हरू श्यामकुमार श्रेष्ठ, रेवतीकुमार श्रेष्ठ र गुञ्जनकुमार श्रेष्ठ हुनुहुन्छ ।

यसै गरी, सहायकहरू रूपकमल नेपाली, गोकर्णप्रसाद ओझा, प्रभा अर्याल आचार्य, टंकप्रसाद वाग्ले र किशोरी मण्डल, उपसहायकहरू शिवकुमार शिवाकोटी, नेत्रसिंह कुँवर, ताराकृष्ण महर्जन, हरिबहादुर थिङ र मदनकुमार न्यौपाने, वरिष्ट चालकद्वय राजकुमार भेटुवाल र कालु तामाङ तथा कार्यालय सहयोगी द्वितीयहरू केशवबहादुर खत्री, गायत्री सापकोटा, सुरेन्द्रकुमार राई, हरिनाथ थपलिया, शान्ति नेपाल, सुमित्रा चौला, लक्ष्मी थापा मगर पोडे, विमला लामिछाने, रणबहादुर सिंजाली, रामबाबु पोडे, लक्ष्मीदेवी भट्ट, धनबहादुर तामाङ, बाबुलाल वाइबा तामाङ, रिनत कुचिकार, सीतादेवी न्यौपाने, शान्तालक्ष्मी चौला, एलिना तुलाधर र उज्ज्वल थापाले पनि २० वर्षीय सेवा उपहार प्राप्त गर्नु भएको छ । उहाँहरू सबैलाई समाचार बधाइ ज्ञापन गर्दछ ।

# विभिन्न प्रतियोगिताका विजयीहरूलाई पुरस्कार वितरण

बैंकको ६३ औं वार्षिकोत्सवको उपलक्ष्यमा बैंकद्वारा आयोजित विभिन्न प्रतियोगिताका विजयीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्न वैशाख १३ गते केन्द्रीय कार्यालय बालुवाटारमा एक समारोहको आयोजना गरियो । समारोहमा गभर्नर डा. चिरंजीबि नेपालले बैंकको वार्षिकोत्सवको अवसरमा आयोजित फुटबल, ब्याडमिन्टन र हाजिरी जवाफ प्रतियोगिताका विजयी कर्मचारीहरूलाई नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो ।

यसै गरी, गभर्नर डा. नेपालले सोही उपलक्ष्यमा कर्मचारीका छोराछोरीहरू बीच आयोजित बाल चित्रकला प्रतियोगितामा विजयी बालबालिकाहरूलाई नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो । साथै, उहाँले बैंकको वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा रक्तदान गर्नेहरूलाई प्रशंसापत्र पनि वितरण गर्नुभयो ।

समारोहमा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले अतिरिक्त क्रियाकलापले कर्मचारीहरूमा संस्था प्रति केही गरौं भन्ने भावना जागृत हुने धारणा व्यक्त गर्नुभयो । खेलकुदले मष्तिस्कलाई स्वच्छ र शरीरलाई स्वस्थ बनाउँछ भन्नुहुँदै उहाँले बैंकको वार्षिकोत्सवलाई बैंकभित्र मात्र सीमित नगरी देशव्यापी महोत्सवको रूपमा उत्साहजनक रूपले मनाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

समारोहमा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठ, बैंकका अधिकृत तथा कर्मचारीहरूका साथै प्रतियोगितामा सहभागी बालबालिकाहरूको उपस्थिति रहेको थियो ।

साथै, बैंकको ६३ औं वार्षिकोत्सवको उपलक्ष्यमा गभर्नरको कार्यालयले आयोजना गरेको आर्थिक लेख प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनु भएका अनुसन्धान विभागका उपनिर्देशक गुणराज भट्ट, सहायक निर्देशकद्वय रविन्द्र महर्जन र खगेश्वर भण्डारीलाई वैशाख १४ गते आयोजित समारोहमा नगद पुरस्कार तथा प्रमाण पत्र वितरण गरिएको थियो ।



नेपाल राष्ट्र बैंकको ६३ औं वार्षिकोत्सवको उपलक्ष्यमा वैशाख ७ गते डेपुटी गभर्नर समूह ए र बी बीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता सम्पन्न भयो । प्रतियोगितामा समूह ए ४-२ गोल अन्तरले विजयी भयो । समूह ए को नेतृत्व डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी र समूह बी को नेतृत्व डेपुटी गभर्नर शिवराज श्रेष्ठले गर्नुभएको भयो ।

सोही उपलक्ष्यमा वैशाख ५ देखि ८ गतेसम्म सञ्चालन गरिएको ब्याडमिन्टन प्रतियोगिताको एक्जुक्युटिभ एकलमा बमबहादुर मिश्र प्रथम, ऋषिकेश भट्ट द्वितीय र नारायणप्रसाद पौडेल तथा भुवन कँडेल तृतीय, महिला एकलमा बिमला लुईंटेल प्रथम, निरा ताल्चाभडेल द्वितीय र पुनिता मण्डल तथा रागिनी सिंह तृतीय, पुरुष एकलमा धनबहादुर तामाङ प्रथम, कालु तामाङ द्वितीय र बबी के.सी. तथा पदमराज जोशी तृतीय, पुरुष डबलमा धनबहादुर तामाङ र कालु तामाङको जोडी प्रथम, राजिव रेग्मी र झंकनाथ ढकालको जोडी द्वितीय, डिलाराम सुवेदी र रेशमबहादुर बल्छौंडीको जोडी तथा बद्रीप्रसाद खकुरेल र हेमनाथ त्रिपाठीको जोडी तृतीय, भेट्रान्स डबलमा डिलाराम सुवेदी र रेशमबहादुर बल्छौंडीको जोडी प्रथम, बमबहादुर मिश्र र सुमन डंगोलको जोडी द्वितीय, भुवन बस्नेत र झंकनाथ ढकालको जोडी तथा सिंहमान महर्जन र विविसेन महर्जनको जोडी तृतीय भएको थियो ।



अन्तरविभागीय हाजिरीजवाफ प्रतियोगितामा १० वटा टोली सहभागी भएकोमा बैंकिङ कार्यालयका वासु रिजाल, प्रदीपकुमार पाठक र आशिष ज्ञवालीको टोली प्रथम, गभर्नरको कार्यालयका शम्भुनाथ ढुंगाना, सुरेश पन्त र सौरभ पोखरेलको टोली द्वितीय, बैंक तथा वित्तीय संस्था नियमन विभागका निश्चल अधिकारी, टेकनाथ पोखरेल र मदन पण्डितको टोली तृतीय तथा आन्तरिक लेखापरीक्षण विभागका नृसिंहहरि दाहाल, अमृतबहादुर बुढाथोकी र आशिष पौडेलको टोली चतुर्थ भएको थियो ।

यसै गरी कर्मचारीका छोराछोरीहरूका लागि वैशाख ८ गते सञ्चालन गरिएको बाल चित्रकला प्रतियोगिताको कक्षा ८ देखि १० सम्मको समूहमा साधुराम तिमिल्सिनाकी सुपुत्री श्रेया तिमिल्सिना प्रथम, राजु श्रेष्ठका सुपुत्र आशुतोषराज श्रेष्ठ द्वितीय, राजेन्द्र भट्टराईकी सुपुत्री रुचिरा भट्टराई तृतीय र भोलाराज खड्काका सुपुत्र विजयराज खड्का तथा मिनप्रसाद पोखरेलकी सुपुत्री स्वीकृति पोखरेल सान्त्वना, कक्षा ५ देखि ७ सम्मको समूहमा पार्वती लामाका सुपुत्र प्रणय लामा प्रथम, कृष्ण के.सी.का सुपुत्र प्रसुन के.सी. द्वितीय, तेजनारायण ठाकुरकी सुपुत्री चेतना शर्मा तृतीय र दयाराम शर्मा पंगेनीका सुपुत्र सयुद पंगेनी तथा रुद्रप्रसाद तिम्सिनाकी सुपुत्री स्नेहा तिम्सिना सान्त्वना, कक्षा २ देखि ४ सम्मको समूहमा अशोक सुनुवारकी सुपुत्री आइशा सुनुवार प्रथम, ईश्वरीप्रसाद भट्टराईका सुपुत्र स्पर्श भट्टराई द्वितीय, बाबुराम कोइरालाकी सुपुत्री अनुजा कोइराला तृतीय र मोतीराम बैद्यका सुपुत्र निरत बैद्य तथा मिनप्रसाद पोखरेलका सुपुत्र सौजन्य पोखरेल सान्त्वना, कक्षा नर्सरीदेखि १ सम्मको समूहमा रमेशकुमार कटुवालका सुपुत्र रौनक कटुवाल प्रथम, पुष्पा अधिकारीका सुपुत्र आराध्य पौडेल द्वितीय, रामु पौडेल तथा विना ढकालकी सुपुत्री आस्था शर्मा तृतीय र लेखनाथ दाहालका सुपुत्र सक्षम दाहाल तथा अस्मिता गोर्खालीका सुपुत्र अथर्व नेपाल सान्त्वना पुरस्कारबाट पुरस्कृत हुनुभएको थियो ।

बैंकको ६३ औं वार्षिकोत्सवको उपलक्ष्यमा वैशाख ६ गते बैंकको थापाथलीस्थित कार्यालयमा र वैशाख १२ गते केन्द्रीय कार्यालय बालुवाटारमा रक्तदान कार्यक्रम आयोजना गरियो । बालुवाटारको कार्यक्रममा ९६ जना र थापाथलीको कार्यक्रममा २१ जनाले रक्तदान गर्नुभएको थियो । वार्षिकोत्सवको उपलक्ष्यमा बैंकले प्रत्येक वर्ष वैशाखमा रक्तदान कार्यक्रम आयोजना गर्दै आएको छ ।

# जिल्लास्थित कार्यालयहरूमा बैंकको ६३ औं वार्षिकोत्सव कार्यक्रम

## विराटनगर कार्यालय

विराटनगर कार्यालयले नेपाल राष्ट्र बैंकको ६३ औं वार्षिकोत्सव समारोह वैशाख १४ गते कार्यालयको सभाहलमा आयोजना गऱ्यो। उक्त समारोहमा वार्षिकोत्सवको अवसरमा आयोजना गरिएका विभिन्न प्रतियोगिताका विजेताहरूलाई पुरस्कार, प्रशंसापत्र तथा प्रमाणपत्र वितरण गरियो।

वार्षिकोत्सवको उपलक्ष्यमा कार्यालयले विराटनगर स्थित बैंक तथा वित्तीय संस्थाहरू बीच अन्तर बैंक टेबल टेनिस प्रतियोगिता, कार्यालयका कर्मचारीहरू बीच टेबल टेनिस, अन्तरफाँट हाजिरी जवाफ, ब्याडमिन्टन, घैला फोड, म्युजिकल बल तथा नोट काउन्टिङ प्रतियोगिता आयोजना गरेको थियो। साथै, कर्मचारीका सन्ततिहरूका लागि हिसाब दौड र बाल चित्रकला प्रतियोगिता तथा पूर्व कर्मचारीहरूका लागि म्युजिकल बल प्रतियोगिता पनि आयोजना गरिएको थियो। सोही अवसरमा वैशाख १४ गते बिहान वित्तीय सचेतनामूलक प्रभातफेरी कार्यक्रम र रक्तदान कार्यक्रम पनि आयोजना गरिएको थियो।




## जनकपुर कार्यालय

बैंकको ६३ औं वार्षिकोत्सवको उपलक्ष्यमा जनकपुर कार्यालयले वैशाख १२ गते प्रभातफेरी कार्यक्रमको आयोजना गऱ्यो। वित्तीय चेतनाका लागि बैंकिङ विकास भन्ने नाराका साथ आयोजित उक्त प्रभातफेरीमा कार्यालयका अधिकृत तथा कर्मचारीहरूका अतिरिक्त जनकपुर कार्यक्षेत्र भएका विकास बैंक र फाइनान्स कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरू, क्षेत्रीय प्रबन्धकहरू, शाखा प्रमुखहरू लगायत विद्यार्थी र बैंकका पूर्व कर्मचारीहरूको सहभागिता रहेको थियो।




प्रभातफेरी जनकपुर कार्यालयबाट सुरु भई विद्यापति (मुरली) चोक, परिक्रमा रोड, कदम चोक, गंगासागर, राम चोक, जनक चोक, जानकी मन्दिर, पुरानो सुनचाँदी बजार, महावीर चोक, तिरहुतिया चोक हुँदै कार्यालय आई सम्पन्न भएको थियो। प्रभातफेरीका सहभागीहरूले समृद्धिका लागि बचत गरौं, वित्तीय शिक्षा हासिल गरौं, नोटको जतन गरौं, कर्जा सदुपयोग गरौं, कृषिमा कर्जाको उपयोग गरौं, विदेशको कमाईलाई आर्थिक विकासमा लगाऔं, बैंकसँगको नाता हरेक नेपालीको बैंक खाता, पैसाको जतन बैंकमा हुन्छ, उद्यमशीलको साथी बैंक जस्ता सन्देशमूलक प्लेकार्ड बोकेका थिए।

प्रभातफेरी कार्यक्रमको अन्तमा सहभागीहरूलाई धन्यवाद दिँदै कार्यालयका निर्देशक नरेश शाक्यले वित्तीय साक्षरताका लागि वित्तीय शिक्षायुक्त चेतनामूलक सन्देश जनमानसमा प्रवाह गर्नु आवश्यक रहेकोले बैंक तथा वित्तीय संस्थाहरूले पनि यस्तो चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको थियो।

## वीरगञ्ज कार्यालय

वीरगञ्ज कार्यालयले बैंकको ६३ औं वार्षिकोत्सव विभिन्न कार्यक्रम आयोजना गरी मनायो।

कार्यालयले वैशाख १४ गते कार्यालयको सभाहलमा ६३ औं वार्षिकोत्सव समारोहको आयोजना गऱ्यो। समारोहमा कार्यालयका निमित्त निर्देशक डा. भागवत आचार्यले प्रमुख अतिथि बैंकका पूर्व उपनिर्देशक कृष्णप्रसाद उपाध्यायलाई दोसल्ला ओढाई सम्मान गर्नुभयो।

समारोहमा सम्मानित व्यक्तित्व उपाध्यायले आफ्नो सेवाकालमा वहन गरेको कर्तव्यको कदर स्वरूप गरिएको सम्मानले आफूलाई खुसी तुल्याएको विचार व्यक्त गर्नुभयो।

बैंक कर्मचारी युनियनका प्रतिनिधिहरू, पूर्व कर्मचारी संघका प्रतिनिधि, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा कार्यालयका कायममुकायम उपनिर्देशक वशिष्ठ अधिकारीले स्वागत र सहायक निर्देशक टीकाराम तिमिल्सिनाले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो।

कार्यालयका अधिकृत तथा कर्मचारीहरू, पूर्व कर्मचारीहरू तथा पत्रकारहरूको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन सहायक निर्देशक बिशाल सर्राफले गर्नुभएको थियो।

समारोहमा वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न प्रतियोगिताका विजयीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो। वार्षिकोत्सवको अवसरमा कार्यालयले कर्मचारीहरू बीच १०० मिटर दौड र ३ कि.मि. दौड, ब्याडमिन्टन, बुद्धिचाल, क्यारम बोर्ड, टेबल टेनिस, म्युजिकल चेयर तथा हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गरेको थियो। म्युजिकल चेयरमा रिता ढोडारी प्रथम

तथा चाँदनी गुप्ता द्वितीय, बुद्धिचालमा सरोज खनाल प्रथम तथा उपेन्द्र चौधरी द्वितीय, ब्याडमिन्टन एकलमा अभिनाशकुमार गुप्ता प्रथम तथा ओमनाथ दाहाल द्वितीय, ब्याडमिन्टन डबलमा अभिनाशकुमार गुप्ता र देवबहादुर बाठा मगरको जोडी प्रथम तथा वशिष्ठ अधिकारी र ओमनाथ दाहालको टोली द्वितीय, १०० मिटर दौडमा अभिनाशकुमार गुप्ता प्रथम तथा सागर गौतम द्वितीय, ३ कि.मि. दौडमा सुरेन्द्र पञ्जियार प्रथम, सागर गौतम द्वितीय तथा प्रदिप घिमिरे तृतीय, टेबल टेनिसमा सागर गौतम प्रथम तथा पासाङ तामाङ द्वितीय, क्यारम बोर्ड एकलमा अभिनाशकुमार गुप्ता प्रथम तथा देवबहादुर बाठा मगर द्वितीय, क्यारम बोर्ड डबलमा टिकाराम तिमिल्सिना र अभिनाशकुमार गुप्ताको जोडी प्रथम तथा ओमनाथ दाहाल र दिनेशप्रसाद साहको जोडी द्वितीय, हाजिरी जवाफमा अभिनाशकुमार गुप्ता, सागर गौतम र प्रदिप घिमिरेको समूह प्रथम तथा पासाङ तामाङ, सरोज खनाल र दिनेशप्रसाद साहको समूह द्वितीय भएको थियो ।

कार्यालयको सुरक्षार्थ तैनाथ नेपाली सेनाका जवानहरू बीच भएको क्यारेम बोर्ड एकलमा बिक्रम सुनार प्रथम तथा नरेन्द्र बुढा द्वितीय, क्यारेम बोर्ड डबलमा बिक्रम के.सी. र रामशरण मिश्रको जोडी प्रथम तथा मदन बस्नेत र देवेन्द्र सुनारको जोडी द्वितीय भएको थियो ।

बैंकको ६३ औं वार्षिकोत्सवको अवसरमा वीरगञ्ज कार्यालयले वैशाख ८ गते नेपाल सरकारका अर्थमन्त्री डा. युवराज खतिवडाको सहभागितामा वित्तीय सचेतनामूलक प्रभातफेरी कार्यक्रम आयोजना गऱ्यो । प्रभातफेरीको समापन कार्यक्रममा प्रमुख अतिथि अर्थमन्त्री डा. खतिवडाले वित्तीय सचेतनाको महत्व माथि प्रकाश पार्दै समाजका सम्पूर्ण वर्ग तथा समुदाय सचेत रहे मात्र वित्तीय क्षेत्रको लाभ वितरण प्रभावकारी हुने विचार व्यक्त गर्नुभयो । साथै, उहाँले वित्तीय क्षेत्रमा भइरहेको तीव्र परिवर्तनले यस क्षेत्रसँग सम्बन्धित कर्मचारीहरू समेत जानकार हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेपाल सरकारका राजस्व सचिव शिशिरकुमार ढुंगाना, वीरगञ्ज भन्सार कार्यालयका प्रमुख सेवन्त पोखेल, बैंकका निर्देशक तथा अर्थ मन्त्रालयका आर्थिक सल्लाहकार डा. रामशरण खरेल, वीरगञ्ज कार्यालयका निर्देशक रविन्द्र महर्जन तथा अन्य कर्मचारीहरू, वीरगञ्ज क्षेत्रका बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू र स्कुल तथा कलेजका विद्यार्थीहरू सहित करिव तीन सय जनाको उपस्थिति रहेको थियो । प्रभातफेरीका सहभागीहरूले वित्तीय सचेतनामूलक प्लेकार्ड, ब्यानर तथा अन्य चेतनामूलक सामग्रीहरू बोकेका थिए । प्रभातफेरी कार्यालयको परिसरबाट सुरु भई घडिअर्वा पोखरी, घण्टाघर, माईस्थान, आदर्शनगर हुँदै पुनः कार्यालयमा आई समापन भएको थियो ।

## पोखरा कार्यालय

पोखरा कार्यालयले बैंकको ६३ औं वार्षिकोत्सव विभिन्न कार्यक्रम आयोजना गरी मनायो ।

कार्यालयले वैशाख १४ गते कार्यालयका निर्देशक पोमनाथ गौतमको सभापतित्वमा वार्षिकोत्सव समारोह आयोजना गऱ्यो ।

समारोहमा निर्देशक गौतम, कार्यालयका पूर्व कर्मचारी तथा प्रदेश नम्बर ४ का सभासद विन्दुकुमार थापा र पोखरा लेखनाथ महानगरपालिका वडा नं २७ का वडा अध्यक्ष चेतबहादुर गुरुङले बैंकको ६३ औं वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न प्रतियोगिताका विजेताहरूलाई पदक तथा प्रमाणपत्र वितरण गर्नुभयो ।




समारोहमा नेपाल राष्ट्र बैंक कर्मचारी संघ र वित्तीय संस्था कर्मचारी संघका प्रतिनिधि, पूर्व कर्मचारी संघका अध्यक्ष तथा अतिथिहरूले बैंकको गरिमा उच्च राखिराख्न कर्मचारीहरूले आफ्नो भूमिकामा समयानुकूल परिवर्तन ल्याई आफूलाई थप प्रतिस्पर्धी एवम् अब्बल सावित गर्दै अगाडि बढ्न प्रेरणा मिलोस् भनी कामना गरेका थिए ।

समारोहमा २०७४ सालमा कार्यालयबाट अनिवार्य एवम् स्वेच्छिक अवकाश प्राप्त गरेका कर्मचारीहरूलाई सम्मान समेत गरिएको थियो ।

कार्यालयका उपनिर्देशक अमर अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको समारोहको सञ्चालन सहायक निर्देशक पुष्कर नेपाली सुर्खालीले गर्नुभएको थियो ।

वार्षिकोत्सवको अवसरमा कार्यालयले वैशाख १४ गते विहान कार्यालयका अधिकृत तथा कर्मचारीहरू र पोखरास्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू सम्मिलित वित्तीय साक्षरता सम्बन्धी जनचेतनामूलक प्रभातफेरी कार्यक्रम सम्पन्न गरेको थियो ।

कार्यालयले बैंकको ६३ औं वार्षिकोत्सवको अवसरमा विभिन्न प्रतियोगिता आयोजना गरेको थियो । अन्तरफाँट डेपुटी डाइरेक्टर कप फुटसल प्रतियोगितामा बैंकिङ फाँटको उपनिर्देशकको टोली प्रथम र आन्तरिक प्रशासन एकाइको उपनिर्देशकको टोली द्वितीय, ब्याडमिन्टन एकलमा जीवनसिंह थापा प्रथम र सुरेन्द्रबहादुर बोहोरा द्वितीय, डबलमा गोविन्दबहादुर थापा र सुरेन्द्रबहादुर बोहोराको जोडी प्रथम तथा जीवनसिंह थापा र रामबहादुर थापाको जोडी द्वितीय, घैंटो फोडमा कृष्णप्रसाद खराल विजयी, म्युजिकल चेयरमा मानबहादुर नेपाली विजयी हुनुभएको थियो ।


## सिद्धार्थनगर कार्यालय

सिद्धार्थनगर कार्यालयले बैंकको ६३ औं वार्षिकोत्सव विविध कार्यक्रम आयोजना गरी मनायो ।

कार्यालयले वैशाख १४ गते कार्यालयको सभाकक्षमा ६३ औं वार्षिकोत्सव समारोह आयोजना गऱ्यो । कार्यालयका कायममुकायम निर्देशक ऋषिराम बरालको सभापतित्वमा सम्पन्न उक्त समारोहमा नेपाल राष्ट्र बैंक कर्मचारी संघ, सिद्धार्थनगरका अध्यक्ष शंकर भट्टराई, नेपाल वित्तीय संस्था कर्मचारी संघ, सिद्धार्थनगरका अध्यक्ष रमेश सारु, नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ, सिद्धार्थनगरका अध्यक्ष डिकबहादुर विश्वकर्माले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यालयका सहायक निर्देशक कृष्णप्रसाद शर्माले स्वागत मन्तव्य राख्नुभएको उक्त समारोहको सञ्चालन अतिरिक्त क्रियाकलाप समितिका सदस्य सचिव रामप्रसाद न्यौपानेले गर्नुभएको थियो ।

वार्षिकोत्सवको उपलक्ष्यमा कार्यालयद्वारा वैशाख ८ गते प्लेअन फुटसल क्लब, भैरहवामा आयोजित अन्तरबैंक मैत्रीपूर्ण फुटसल प्रतियोगितामा राष्ट्रिय वाणिज्य बैंक,




भैरहवाको टिम प्रथम र नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरको टिम द्वितीय भएको थियो । खेलको समापन पछि कार्यालयका निर्देशक अशोककुमार पौडेलले विजेता टिमहरूलाई शिल्ड तथा खेलाडीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

सोही उपलक्ष्यमा कार्यालयले वैशाख १० गते कार्यालय परिसरमा रक्तदान कार्यक्रम आयोजना गरेको थियो । नेपाल रेडक्रस सोसाइटी, रूपन्देहीको सहकार्यमा आयोजना गरिएको उक्त रक्तदान कार्यक्रममा कार्यालयका कर्मचारीहरू, अन्य बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरू लगायत सर्वसाधारण गरी ४३ जनाले रक्तदान गरेका थिए ।

सोही उपलक्ष्यमा कार्यालयले वैशाख १४ गते वित्तीय चेतना सम्बन्धी सद्भाव र्‍याली आयोजना गरेको थियो । कार्यालयका अधिकृत तथा कर्मचारीहरू, बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरू र विभिन्न विद्यालय तथा कलेजका विद्यार्थीहरू गरी करिब ४०० जनाको सहभागिता रहेको उक्त र्‍याली कार्यालय परिसरबाट सुरु भई बैंक रोड, मिलन चोक, बुद्ध चोक, नयाँ सडक हुँदै भैरहवा बजार परिक्रमा गरी कार्यालयमा आएर समापन भएको थियो ।

यसै उपलक्ष्यमा कार्यालयले कर्मचारीहरूबीच आयोजना गरेको टेबल टेनिसमा विवेक कोइराला प्रथम तथा सत्येन्द्रमणि त्रिपाठी द्वितीय, ब्याडमिण्टनमा अशोककुमार पौडेल र सोहनलाल चौधरीको जोडी प्रथम तथा कृष्णप्रसाद भट्टराई र पूर्णबहादुर तामाङको जोडी द्वितीय भएको थियो भने हण्डी फोरमा चेतना नेपाल विजयी हुनुभएको थियो ।

कार्यालयले वार्षिकोत्सव अवसरमा कर्मचारीका छोराछोरीहरू बीच बाल निबन्ध प्रतियोगिता आयोजना गरिएको थियो ।

## नेपालगञ्ज कार्यालय

नेपालगञ्ज कार्यालयले बैंकको ६३ औं वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी भव्यताका साथ सम्पन्न गर्‍यो ।

वैशाख १४ गते कार्यालयको सभाहलमा ६३ औं वार्षिकोत्सव समारोहको आयोजना गरियो। उक्त समारोहको सभापतित्व ग्रहण गर्नुभएका का.मु. निर्देशक कमलप्रकाश कालाथोकीले वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित विभिन्न प्रतियोगिताका विजयी कर्मचारीहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।

समारोहलाई सम्बोधन गर्दै का.मु. निर्देशक कालाथोकीले नेपाल राष्ट्र बैंक स्थापना भए पछि बैंकले प्राप्त गरेको उपलब्धि, वर्तमान अवस्था तथा भावी चुनौतीहरूको चर्चा गर्नुभयो । उहाँले नेपाल राष्ट्र बैंक देशको आर्थिक स्थायित्व तथा वित्तीय सन्तुलन कायम राख्न सधैं तत्पर रहेको विचार व्यक्त गर्दै बैंक तथा वित्तीय संस्थाहरूलाई तोकिएको स्थानीय तहमा यथाशीघ्र शाखा विस्तार गर्न आग्रह गर्नुभयो । कार्यालयका सम्पूर्ण अधिकृत तथा कर्मचारीहरूको सक्रिय सहयोगबाट नै कार्यालयको काम कारवाही प्रभावकारी रूपमा सम्पादन भएको बताउँदै उहाँले यसलाई निरन्तर कायम राख्नुपर्ने बताउनु भयो ।

राष्ट्रिय गानबाट सुरु भएको उक्त समारोहमा कार्यालयका का.मु. उपनिर्देशक भीमार्जुन शाहले स्वागत मन्तव्य व्यक्त गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथि नेपालगञ्ज कार्यालयका तत्कालीन मुख्य व्यवस्थापक यशपाल चौरसिया, अतिथिहरू कोष तथा लेखा नियन्त्रकको कार्यालय, बाँकेका प्रमुख ठाकुरप्रसाद पौडेल, नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ, नेपालगञ्जका सदस्य विनोदप्रताप शाह, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक, नेपालगञ्ज समितिका अध्यक्ष लेखबहादुर पाण्डे, नेपाल राष्ट्र बैंक कर्मचारी संघ, नेपालगञ्ज समितिका अध्यक्ष कमलप्रसाद न्यौपाने तथा नेपाल बैंक लिमिटेड, नेपालगञ्जका प्रबन्धक विनयकेशरी पौडेलले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

समारोहमा कार्यालयका का.मु. उपनिर्देशक लवली श्रीवास्तवले धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यालयका अधिकृत तथा कर्मचारी, पूर्व कर्मचारी, बैंक तथा वित्तीय संस्थाका क्षेत्रीय प्रमुख/शाखा प्रवन्धक तथा पत्रकार हरूको उल्लेख्य उपस्थिति रहेको उक्त समारोहको सञ्चालन सहायक विष्णुबहादुर के.सी.ले गर्नुभएको थियो ।

कार्यालयले वार्षिकोत्सवको उपलक्ष्यमा मैत्रीपूर्ण फुटबल, ब्याडमिण्टन, भलिबल, चेस, टेबुल टेनिस प्रतियोगिता आयोजना गरेको थियो । कर्मचारीका छोराछोरीहरूलाई सहभागी गराई बालचित्रकला प्रतियोगिता पनि आयोजना गरिएको थियो । पूर्व कर्मचारीहरूलाई सहभागी गराई घैटो फोड खेल खेलाइएको थियो ।

वार्षिकोत्सवको उपलक्ष्यमा वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक, नेपालगञ्जले कर्मचारीका छोराछोरीहरूलाई सहभागी गराई



म्युजिकल चेयर प्रतियोगिता र केक काट्ने कार्यक्रम तथा नेपाल राष्ट्र बैंक कर्मचारी संघ, नेपालगञ्जले कर्मचारीहरूबीच डाँट बोर्ड प्रतियोगिता समेत अयोजना गरेको थियो ।

वार्षिकोत्सवको अवसरमा वैशाख १४ गते कार्यालय परिसरमा वृक्षारोपण तथा वित्तीय सचेतना अभिवृद्धिका लागि प्रभातफेरी कार्यक्रम आयोजना गरिएको थियो । विहान ७.०० बजेबाट शुरु भएको प्रभातफेरी कार्यक्रम नेपालगञ्ज कार्यालय परिसरबाट सुरु भई धम्बोझी चोक, पुष्पलाल चोक, सेतु वि.क. चोक, त्रिभुवन चोक, वि.पि. चोक हुँदै कार्यालय परिसरमा आई समापन भएको थियो । कार्यक्रमको अन्तमा प्रभातफेरीमा सहभागी सबैलाई का.मु. निर्देशक कालाथोकीले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## धनगढी कार्यालय

बैंकको ६३ औं वार्षिकोत्सव धनगढी कार्यालयले कार्यरत कर्मचारी, पूर्व कर्मचारी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, पत्रकार तथा अन्य आमन्त्रितहरूको सहभागितामा वैशाख १४ गते एक विशेष समारोह आयोजना गरी हर्षोल्लासपूर्वक मनायो ।

समारोहमा कार्यालयका निर्देशक किरण पण्डितले वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजयी तथा सहभागीहरूलाई प्रमाणपत्र तथा मेडल प्रदान गर्नुभयो ।

समारोहमा निर्देशक पण्डितले नेपाली अर्थतन्त्रको समसामयिक स्थिति तथा ७ नम्बर प्रदेशको वर्तमान आर्थिक परिदृश्यका बारेमा चर्चा गर्दै आगामी दिनहरूमा ७ नम्बर प्रदेशका सरोकारवालाहरूसँगको साझेदारी तथा समन्वय अझ सुदृढ पार्ने, प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाहरूलाई निरन्तर सहयोग गर्ने तथा आगामी दिनहरूमा वित्तीय पहुँच तथा वित्तीय समावेशीकरण बढाउन जोड दिने बताउनु भयो ।

कार्यक्रममा प्रमुख अतिथि बैंकका पूर्व व्यवस्थापक सत्यप्रकाश ओझाले मुलुकको अर्थतन्त्रको सम्बर्द्धन तथा विकासको लागि बैंकले खेल्दै आएको भूमिकाको चर्चा गर्दै कर्मचारीहरूले सदैव संस्थाको हकहितलाई प्राथमिकतामा राखी कार्य सम्पादन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा कार्यालयका उपनिर्देशकद्वय दीर्घबहादुर रावलले स्वागत मन्तव्य तथा विनोदराज लेखकले धन्यवाद मन्तव्य र नेपाल राष्ट्र बैंक धनगढी कार्यालयका तीन वटै कर्मचारी युनियनका अध्यक्षहरूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यालयको सभाहलमा सम्पन्न उक्त समारोहको सञ्चालन का.मु. उपनिर्देशक झकेन्द्रबहादुर शाहीले गर्नुभएको थियो ।

वार्षिकोत्सवको उपलक्ष्यमा कार्यालयले आयोजना गरेको ब्याडमिन्टन मेन्स सिंगल्सतर्फ धनीराम चौधरी तथा मेन्स डबलतर्फ दीर्घबहादुर रावल र विष्णुदत्त पाण्डेयको जोडी प्रथम भएको थियो । टेबल टेनिसमा ध्रुव कार्की, क्यारम बोर्डमा टेकबहादुर साउद, बुद्धिचालमा गोपालप्रसाद श्रेष्ठ तथा ध्रुव कार्की प्रथम भएका थिए । पूर्व कर्मचारीहरूका लागि सञ्चालन गरिएको घैंटो फोड प्रतियोगितामा हेमन्त केसी विजयी हुनुभएको थियो । कर्मचारीहरूबीच आयोजना गरिएको फुटसल प्रतियोगितामा समुह बी प्रथम भएको थियो । यसै गरी, धनगढी कार्यालय र बैंकर्स क्लब धनगढी बीच आयोजना गरिएको क्रिकेट खेलमा बैंकर्स क्लब धनगढी विजयी भएको थियो ।

बैंकको ६३ औं वार्षिकोत्सको अवसरमा कार्यालयले नेपाल रेडक्रस सोसाइटी, कैलालीको सहयोगमा वैशाख १३ गते रक्तदान कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा कार्यालयका कर्मचारी र बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

सोही दिन कार्यालयको परिसरमा विभिन्न जातका फलफूलका विरुवा रोपी वृक्षारोपण कार्यक्रम सञ्चालन गरिएको थियो ।

वार्षिकोत्सवकै अवसर पारेर जनमानसमा वित्तीय सचेतना अभिवृद्धि गर्ने उद्देश्यले वैशाख १४ गते प्रभातफेरी कार्यक्रम सञ्चालन गरिएको थियो । प्रदेश नं. ७ का आर्थिक मामिला तथा योजना मन्त्री झपटबहादुर बोहराले शुभारम्भ गर्नुभएको उक्त ऱ्यालीमा धनगढी उपमहानगरपालिकाका नगर प्रमुख नृपबहादुर वड, कार्यालयका अधिकृत तथा कर्मचारीहरू, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र धनगढी उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको थियो । ऱ्याली वित्तीय साक्षरता सम्बन्धी चेतनामूलक सन्देशका प्ले कार्ड सहित धनगढी चौराहदेखि कार्यालय परिसरमा आई सभा आयोजना गरी समापन भएको थियो ।

# सरुवा तथा पदस्थापन

निर्देशकद्वय भुक्तानी प्रणाली विभागका रामबहादुर मानन्धर विकास बैंक सुपरिवेक्षण विभागमा र मुद्रा व्यवस्थापन विभागका सत्येन्द्र तिमिल्सिना जनशक्ति व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

हालै निर्देशक पदमा बढुवा हुनुभएका वित्त व्यवस्थापन विभागका प्रल्हाद थापा मुद्रा व्यस्थापन विभागमा, विदेशी विनिमय व्यवस्थापन विभागका चेतप्रसाद उप्रेती वित्त व्यवस्थापन विभागमा, विकास बैंक सुपरिवेक्षण विभागका बलराम पौडेल विकास बैंक सुपरिवेक्षण विभाग (कामकाज) मा, वित्त कम्पनी सुपरिवेक्षण विभागका ईश्वरीप्रसाद न्यौपाने विदेशी विनिमय व्यवस्थापन विभागमा, आन्तरिक लेखापरीक्षण विभागका रोशनकुमार सिग्देल बैंक सुपरिवेक्षण विभाग (कामकाज) मा, जनशक्ति व्यवस्थापन विभागका केशव थापा सोही विभागमा, अर्थमन्त्रालयमा काजमा रहनु भएका डा.रामशरण खरेल जनशक्ति व्यवस्थापन विभाग (कामकाज: अर्थमन्त्रालय) मा र अनुसन्धान विभागका डा.डिल्लीराम पोखेल सोही विभाग (कामकाज) मा पदस्थापन हुनुभएको छ ।

# अवकाश तथा राजिनामा

उपनिर्देशकद्वय आन्तरिक लेखापरीक्षण विभागका मोहनप्रसाद भट्टराई तथा विदेशी विनिमय व्यवस्थापन विभागका मीना अधिकारी, उपनिर्देशक (कम्प्युटर) द्वय विदेशी विनिमय व्यवस्थापन विभागका कृष्णगोपाल श्रेष्ठ तथा गभर्नरको कार्यालयका रामप्रसाद राजभण्डारी र बैंकिङ कार्यालयका सहायक निर्देशक (अ.मा.) उमेशप्रसाद काफ्ले ३० वर्ष सेवा अवधिका कारण बैंक सेवाबाट अवकाश हुनुभएको छ ।

सूचना प्रविधि विभागका सहायक (सू.प्र.) विनोद बजगाईले वैशाख २२ गतेदेखि लागु हुने गरी दिनुभएको राजिनामा स्वीकृत गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

विराटनगर कार्यालयका सहायक निर्देशकहरू इन्द्रप्रसाद शर्मा र सुधिर पौडेल तथा कार्यालय सहयोगी प्रथम मुनेश्वर डोमलाई बैंक सेवाबाट हटाइएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

# वैदेशिक तालिम/सेमिनार/गोष्ठीमा सहभागिता

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल AFI ले २०१८ अप्रिल २४ देखि २७ सम्म कम्बोडियामा आयोजना गरेको 12th Finanacial Inclusion Strategy Peer Learning Group Meeting मा सहभागी हुनुभयो । उहाँको साथ राष्ट्र ऋण व्यवस्थापन विभागका उपनिर्देशक प्रभामैंया न्यौपाने र गभर्नरको कार्यालयका सहायक निर्देशक पार्वती थिङ लामा पनि जानुभएको थियो ।

विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भिष्मराज ढुङ्गाना श्रीलंकाको केन्द्रीय बैंकले २०१८ अप्रिल २७ मा कोलम्बोमा आयोजना गरेको ACU Standing Technical Committee Meeting मा सहभागी हुनुभयो । बैठकमा सोही विभागका सहायक निर्देशक रमेश शर्मा पनि सहभागी हुनुहुन्थ्यो ।

बैंकिङ कार्यालयका कार्यकारी निर्देशक झलक शर्मा आचार्य CIMB Bank ले २०१८ मे ७ देखि ९ सम्म सिंगापुरमा आयोजना गरेको Discussion and Meeting with the Senior Management विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

संस्थागत योजना विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारी AFI ले २०१८ अप्रिल २४ देखि २७ सम्म कम्बोडियामा आयोजना गरेको 8th Global Standards Proportionally (GSP) Working Group Meeting मा सहभागी हुनुभयो । बैठकमा लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक दिपक पौडेल पनि सहभागी हुनुहुन्थ्यो ।

बैंक सुपरिवेक्षण विभागका निर्देशक ऋषिकेश भट्ट Federal Reserve Bank ले २०१८ मे २१ देखि २४ सम्म अमेरिकामा आयोजना गरेको Supervision विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक विश्रुत थापा SEACEN ले २०१८ मे ६ देखि ११ सम्म भारतमा आयोजना गरेको SEACEN Springboard Leadership Course विषयक तालिममा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका निर्देशक तुलसीप्रसाद घिमिरे Federal Reserve Bank ले २०१८ मे १४ देखि १७ सम्म अमेरिकामा आयोजना गरेको Risk Management and Internal Audit विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका निर्देशक रामप्रसाद गौतम Mashreq Bank ले २०१८ अप्रिल २२ देखि २३ सम्म UAE मा आयोजना गरेको Intaraction with UAE Exchange Dubai and Mashreq Bank विषयक कार्यक्रममा सहभागी हुनुभयो । कार्यक्रममा सोही विभागका सहायक निर्देशक माधवप्रसाद पोखेल पनि सहभागी हुनुहुन्थ्यो ।

अनुसन्धान विभागका निर्देशक डा. डिल्लीराम पोखरेल र विदेशी विनिमय व्यवस्थापन विभागका उपनिर्देशक मीना पाण्डे International Fund for Agriculture Development ले २०१८ मे ८ देखि १० सम्म मलेसियामा आयोजना गरेको Global Forun on Remittances, Investment and Development विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका कायममुकायम निर्देशक विनिता बिष्ट र गभर्नरको कार्यालयका उपनिर्देशक विभुप्रसाद अर्याल SEACEN ले मलेसियामा २०१८ मे ३ देखि ४ सम्म आयोजना गरेको 2018 SEACEN Policy Summit विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक राजनदेव भट्टराई, सहायक निर्देशकहरू सामान्य सेवा विभागका यामलाल सुवेदी, विकास बैंक सुपरिवेक्षण विभागका पूर्णबहादुर शाह तथा जनशक्ति व्यवस्थापन विभागका राजेशप्रसाद शर्मा र सहायक निर्देशक (सू.प्र.) योगेन्द्रसिंह थापा SEACEN ले ब्रुनाईमा २०१८ अप्रिल २३ देखि २७ सम्म आयोजना गरेको SEACEN Course on Information and Communication Technology विषयक तालिममा सहभागी हुनुभयो ।

सूचना प्रविधि विभागका उपनिर्देशक (सू.प्र.) अनिल प्रधान, जनशक्ति व्यवस्थापन विभागका सहायक निर्देशक (कम्प्युटर) सुन्दर मानन्धर र विराटनगर कार्यालयका सहायक निर्देशक तारानाथ दाहाल APEC/FRTI ले फिलिपिन्समा २०१८ मे १५ देखि १८ सम्म आयोजना गरेको Technology Operations and Risk Management विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्तीय जानकारी ईकाइका उपनिर्देशक रमेश आचार्य Deutsche Bundesbank ले जर्मनीमा २०१८ अप्रिल २४ देखि २६ सम्म आयोजना गरेको Auditing Internal Services and Support Functions at Central Bank विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

गभर्नरको कार्यालयका उपनिर्देशक (सू.प्र.) सुभाषचन्द्र घिमिरे SAARCFINANCE ले UAE मा २०१८ मे १२ मा आयोजना गरेको SAARCFINANCE Coordinators Meeting मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक विन्ती श्रेष्ठ Study Centre Gerzensee ले स्विजरल्याण्डमा २०१८ मे १४ देखि ३१ सम्म आयोजना गरेको Monetary Policy and Theory विषयक तालिममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक राजीव शर्मा रेग्मी IMF ले अमेरिकामा २०१८ मे १४ देखि २५ सम्म आयोजना गरेको Cross-Boarder Position Statistics विषयक तालिममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक यज्ञबहादुर कटवाल Deutsche Bundesbank ले जर्मनीमा २०१८ अप्रिल २३ देखि २५ सम्म आयोजना गरेको Public Procurement विषयक तालिममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक शालिकराम पोखेल IMF-SARTTAC ले भारतमा २०१८ मे १४ देखि १८ सम्म आयोजना गरेको International Trade in Goods and Services विषयक तालिममा सहभागी हुनुभयो ।

## कायममुकायम मुकर्रर

उपनिर्देशकहरू विदेशी विनिमय व्यवस्थापन विभागका प्रकाशचन्द्र भट्टराई, बैंक तथा वित्तीय संस्था नियमन विभागका नरेन्द्रसिंह विष्ट र गभर्नरको कार्यालयका गोविन्द नागिला कार्यरत विभाग तथा कार्यालयको, विकास बैंक सुपरिवेक्षण विभागका भुवन बस्नेत वित्त कम्पनी सुपरिवेक्षण विभागको, विकास बैंक सुपरिवेक्षण विभागका मुक्तिनाथ सापकोटा बैकर्स प्रशिक्षण केन्द्रको र विदेशी विनिमय व्यवस्थापन विभागका मीना पाण्डे आन्तरिक लेखापरीक्षण विभागको निर्देशक पदमा कायममुकायम मुकर्रर हुनुभएको छ ।

# समृद्धिको मार्गमा अग्रसर हुने बजेट आवश्यक

अनुसन्धान विभागले वैशाख २४ गते काठमाडौंमा पूर्व बजेटकालीन अन्तरक्रिया




कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. चिरंजीबि नेपालले क्षेत्रगत आवश्यकतालाई सम्बोधन गर्दै तीव्र आर्थिक वृद्धि, रोजगारी सिर्जना तथा समृद्धिको मार्गमा अग्रसर हुने बजेट आजको आवश्यकता रहेको बताउनु भयो । सो अवसरमा उहाँले सन् २०३० सम्ममा नेपाललाई मध्यम आयस्तरको मुलुकमा स्तरोन्नति गर्ने योजना सफल बनाउन सम्बन्धित सबै क्षेत्र र निकाय सहयोगी भएर समन्वयात्मक रूपमा अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो ।

डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठको उपस्थिति रहेको उक्त कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले कार्यपत्र प्रस्तुत गर्दै आर्थिक वृद्धिको गतिलाई तीव्रता दिन उत्पादन, रोजगारीका अवसरहरूको अभिवृद्धि, कृषि र पर्यटनको साथै साना तथा मझौला उद्योगको विस्तारमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनु भयो ।

विभिन्न सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था तथा आर्थिक जगतका बैंकका अधिकृतहरू, बैंक तथा वित्तीय संस्थाका प्रमुखहरू, उद्योगी, व्यवसायी तथा अन्य सरोकारवालाहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सरोकारवाला संस्थाका प्रतिनिधिहरूले आर्थिक समृद्धिका लागि बजेटमा समेट्नु पर्ने विषयका सम्बन्धमा क्षेत्रगत राय सुझाव दिनुभएको थियो ।

## नेपाल राष्ट्र बैंकको सह–प्रवक्तामा नागिला



गभर्नरको कार्यालयका कायममुकायम निर्देशक गोविन्दप्रसाद नागिला २०७५ वैशाख २४ गतेदेखि नेपाल राष्ट्र बैंकको सह-प्रवक्ता तोकिनु भएको छ। उहाँको कार्यालय सम्पर्क नं. ९७७ १ ४४२०९१०, मोबाइल नं. ९८४१२३२९९५ तथा इमेल ठेगाना gnagila@nrb.org.np रहेको छ।

# डा. सुबोधकुमार कर्ण सञ्चालक नियुक्त

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १७ को उपदफा (१) बमोजिम डा. सुबोधकुमार कर्ण नेपाल राष्ट्र बैंकको सञ्चालक नियुक्त हुनुभएको छ। नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०८ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम सर्वोच्च अदालतका सम्माननीय कायममुकायम प्रधान न्यायाधीश दीपकराज जोशी समक्ष उहाँले वैशाख १६ गते बैंकको सञ्चालक पदको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो ।



पर्सा जिल्लाको वीरगञ्ज, आदर्शनगरमा जन्मनु भएका डा. कर्णले Monad University, Delhi बाट Banking विषयमा विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ । उहाँ Chartered Accountant पनि हुनुहुन्छ । उहाँले Certified Management Accountant, Certified Professional Manager/Bachelor of Legislative Law को उपाधि समेत हासिल गर्नुभएको छ।

उहाँ South Asian Federation of Accountants - an Apex Body of SAARC को अध्यक्ष हुनुहुन्छ। उहाँ The Institute of Chartered Accountants of Nepal (ICAN) को सन् २००८ देखि २००९ सम्म उपाध्यक्ष र सन् २००९ देखि २०१० सम्म अध्यक्ष रहनु भएको थियो ।

समाचार सञ्चालक डा. कर्णको कार्यकालको पूर्ण सफलताको कामना गर्दछ ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
सुरेश पन्त

**सम्पादन सहयोगी**
रामकाजी खाइजू
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौँ, *फोन नं.* ०१-४२६७५१८, ४२६८११६